## मिति २०७६ साल भाद्र ०२ गतेका दिन भएको ६३ औं कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं १:**

वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा नगरपालिका मार्फत बजेट विनियोजन भई सञ्चालन हुने मातहतका निकायहरुमा चालु आर्थिक वर्षको बजेट , नीति तथा कार्यक्रम सञ्चालन गर्दा देहायको विधि तथा प्रक्रिया अवलम्बन गरी नियमितता , मितव्यीता, कार्यकुशलता र औचित्यताको आधारमा खर्च हुने गरी कार्यक्रम सञ्चालन गर्नेः

क) योजनाहरु सञ्चालन गर्दा बोलपत्रद्‌वारा हुने योजनाको हकमा पहिलो चौमासिक सम्म बोलपत्र प्रकाशन गरिसक्ने र उपभोक्ता समिति मार्फत सञ्चालन हुने सम्पूर्ण योजनाहरु पनि पहिलो चौमासिक सम्म समिति गठन गरी सम्झौता गरिसक्ने । भौगोलिक अवस्था तथा मौसमको कारणले कुनै योजना उक्त अवधिमा सञ्चालन गर्न नसकिने भएमा सो भन्दा पछि सम्झौता गरी २०७७ जेष्ठ मसान्तभित्र सम्पन्न हुने गरी म्याद राख्ने ।

ख) अत्यावश्यकीय र आकस्मिक गर्नुपर्ने कार्यक्रमहरु बाहेक तालिम , प्रशिक्षण, अध्ययन अवलोकन भ्रमण लगायतका नियमित चालु तथा पूँजीगत तर्फका कार्यक्रमहरु २०७६ चैत्र मसान्त अगावै सम्पन्न हुने गरी सम्बन्धित वडा तथा शाखाहरुले ब्यवस्थापन गर्ने ।

ग) नगरकार्यपालिकाका विभिन्न शाखा , उपशाखा तथा इकाईहरु मार्फत कार्यक्रम सञ्चालन गर्दा चौमासिक रुपमा आफ्नो शाखाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु बजेट र क्रियाकलापमा बिभक्त गरी अख्तियारवालासँग प्रस्ताव स्वीकृत गराई सबै शाखाहरुबाट हुने खर्चमा एकरुपता हुने गरी सञ्चालन गर्ने ।

घ) तालीम, क्षमता अभिवृद्‌धि लगायतका तत्काल र फिल्डमा लगेर रकम वितरण गर्नुपर्ने अत्यावश्यकीय कार्यक्रमहरु र वडा कार्यालयतर्फ विनियोजित बजेट पेश्की मार्फत खर्च गर्ने । खरिद तथा निर्माण कार्यको लागि सम्बन्धित उपभोक्ता समिति वा व्यवशायीलाई वाहेक पेश्की मार्फत कार्य नगर्ने, खरिद गर्दा खरिद इकाईमार्फत र निर्माण कार्य गर्दा पूर्वाधार विकास शाखा मार्फत प्रस्ताव पेश र व्यवस्थापन गर्ने ।

ङ) वडा कार्यालयहरु मार्फत योजना पुस्तिकामा समेटिएका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा चौमासिक सञ्चालन गर्नुपर्ने योजना र सो अवधि भित्र भुक्तानी गर्नुपर्ने रकम एकीन गरी वडा समितिको निर्णय अनुसार कार्यक्रमलाई बजेट तथा क्रियाकलापमा विभक्त (Break Down) गरी वडा समितिको सिफारिस भएको नाम र खाता नम्बरमा पेश्की उपलब्ध गराउन नगरकार्यपालिकाको कार्यालयमा लेखी पठाउने । यसरी लेखी आएर पेश्की प्रापकले कार्यक्रम सम्पन्न भए पछि समेत वडा समितिको निर्णय गरी गराई पेश्की फर्छ्यौटको लागि सिफारिस सहित लेखि पठाउने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ६३ मिति २०७६।०५।०२
को निर्णय प्रमाणित।

Scanned by CamScanner

च) कुनै वडा कार्यालयले पेश्कीको रुपमा चौमासिक रकम नलगी नगरपालिकाबाट नै खर्च र भुक्तानी गर्ने भएमा सो व्यहोरा नगरपालिकामा लेखी पठाउने तर कुनै पनि वडाको सम्पूर्ण भुक्तानी या त नगरपालिका या त वडा बाटै गर्ने । दोहोरो किसिमको भुक्तानी नगरिने ।

छ) प्रकरण (ङ) बमोजिम योजना पुस्तिकामा समावेश नभएका योजना सञ्चालन गर्नुपर्ने भएमा कार्यपालिकामा बजेट सहित योजना स्वीकृतिका लागि पेश गरी निर्णयानुसार गर्ने । वडाहरुमा रकम उपलब्ध गराउँदा माग तथा आवश्यकताका आधारमा चालुतर्फको सम्पूर्ण खर्च पेश्की मार्फत उपलब्ध गराउने साथै पूँजीगत तर्फका योजना तथा कार्यक्रमहरुको हकमा समेत वडा समितिबाट माग भएको खण्डमा समयमा नै पेश्की फर्छ्यौट गर्ने गरी पेश्की रकम उपलब्ध गराउने ।

ज) पाँच लाख भन्दा कम लागत अनुमान भएका योजनाहरु वडा कार्यालयमा नै वडा सचिवले सम्झौता गरी सञ्चालन गर्ने । पाँच लाख भन्दा माथि जतिसुकै लागत अनुमान भएपनि नगरपालिकाबाट स्वीकृत गराउने । वडा कार्यालय तथा शाखाहरुमा प्रदान गरिएको पेश्की रकमको नियमानुसार समयभित्रै फछ्यौट गरिसक्ने । पेश्की पूर्ण रुपमा फर्छ्यौट नभई कुनै पनि प्रकारको पेश्की बाँकी हुँदा थप रकम पेश्कीको रुपमा उपलब्ध नगराउने ।

झ) यस अघि वडा कार्यालयको नाममा सञ्चालित खातामा विगत वर्षहरुमा निकाशा /अख्तियारीको रुपमा गई मौज्दात रहेको रकम समेत एक महिनाभित्र वडा समितिले एकीन गरी सोबाट सञ्चालन हुने योजना समेत प्रकरण (ङ) र (च) बमोजिम गर्ने ।

ञ) तालिम, प्रशिक्षण, अध्ययन अवलोकन भ्रमण लगायतका विभिन्न वडा तथा शाखाबाट हुने कार्यक्रमहरुको एकरुपता ल्याउनको लागि नगरपालिकाको स्वीकृत तालिम तथा प्रशिक्षण कार्यविधि बमोजिम हुने गरी प्रस्ताव स्वीकृत गराएर मात्र सञ्चालन गर्ने ।

**निर्णय नं २:**

चालु आर्थिक वर्षको लागि संघीय तथा प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ प्राप्त बजेट तथा कार्यक्रमको बारेमा जानकारी भयो । साथै नगरसभाबाट शिक्षा , जनस्वास्थ्य, पशु विकास, कृषि विकास, सहकारी, महिला स्वरोजगार, महिला बालबालिका तथा समाज कल्याण लगायतका क्षेत्रमा विनियोजित रकमको स्वीकृति गर्न सम्बन्धित समितिबाट सिफारिस गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ६३ मिति २०७६/०५/०२
को निर्णय प्रमाणित।

Scanned by CamScanner

**निर्णय नम्बर ३:**

**कमिटेड नेपालको प्राविधिक सहयोगमा तयार गरिएको यस नगरपालिकाको राजश्व अभिवृदि कार्य योजना २०७५/७६-२०७८/७९ निम्न सशोधन सहित स्वीकृती गरियो ।**

**(क) कार्य योजना बमोजिम गनुपर्ने तथा चालु आ.व.२०७६।०७७ मा सम्पन्न गर्नुपर्ने कार्यहरु :**

| क्रियाकलाप | जिम्मेवारी | समयावधि | अनुमानितबजेट |
|---|---|---|---|
| GIS मार्फत Tax Mapping Database System स्थापना र अद्यावधिक (नगर प्रोफाइलका चरणमा प्राप्त तथ्यांक बमोजिम) | प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा र IT शाखा | २०७६ चैत्र मसान्त सम्म | रु १५ लाख |
| घरजग्गा मूल्यांकन समितिको गठन (सम्पत्ति कर, मालपोत तथा घरजग्गा बहाल करका लागि) | स्थानीय राजस्व परामर्श समिति | २०७६ कार्तिक मसान्त सम्म | रु ५० हजार |
| सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ को परिमार्जन (प्रचलित कानून बमोजिम) | नगर कार्यपालिका | २०७६ कार्तिक मसान्त सम्म | |
| व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालयसँग समन्वय तथा व्यवसायीहरुको सुरक्षा र सुविधा*(बत्ती, सिसी क्यामरा, शौचालय)* | नगर कार्यपालिका | २०७६।७७ | लागत बमोजिम बार्षिक योजनामा |
| कर शिक्षा सामग्री तयार गरी प्रचार प्रसार गर्ने ( विधुतिय तथा छापां) | राजश्व उपशाखा | २०७६ पुस मसान्त सम्म | ५००००।- |
| Software मा सुधार र वडातह सम्म तालिम (करदाताको विस्तृत विवरण महिला पुरुष समेत छुट्दिने गरी, जुनसुकै वडाबाट पनि तिर्न सकिने गरी) | राजस्व उपशाखा र IT शाखा | २०७६ चैत्र सम्ममा | प्रदायक संस्थासँग सहकार्य |
| नगरकार्यपालिका पदाधिकारीहरुलाई स्थानीय कर तथा राजस्व सम्वन्धी तालिम | प्रमुख प्रशासकीय अधिकृत | २०७६ असोज मसान्तसम्म | रु ३ लाख |

**वीरेन्द्रनगर कार्यपालिकाको**
**बैठक संख्या** ६२ **मिति..** २०७६।०५।०२
**को निर्णय प्रमाणित।**

Scanned by CamScanner

| क्रियाकलाप | जिम्मेवारी | समयावधि | अनुमानितबजेट |
|---|---|---|---|
| स्थानीय राजस्व परामर्श समितिका पदाधिकारी र राजस्वमा कार्यरत कर्मचारीहरुलाई असल अभ्यास भएका नगरपालिकाहरुमा अवलोकन भ्रमण | प्रमुख प्रशासकीय अधिकृत | २०७६ कार्तिक सम्ममा | रु ३ लाख |
| SMS मार्फत करदातालाई कर तिर्ने सूचनाप्रवाह (Billing system) | राजस्व उपशाखा र IT शाखा | | रु १ लाख |
| मोबाइल बैंकिगं तथा इण्टरनेट बैंकिगं मार्फत कर तिर्ने प्रणालीको व्यवस्था | प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा र IT शाखा | | |
| Local Economic Development का क्षेत्रका योजना तयारी (PPP financing, Loan Financing , Tapping Matching Fund etc) | आर्थिक विकास समिति | २०७७ आषाढ मसान्त सम्म | |

(ख) राजश्व सुधार कार्ययोजना कार्यन्वयन तथा अनुगमनका लागी निम्नानुसारको अनुगमन समिति गठन गर्ने ।

१) नगर प्रमूख — संयोजक

२) नगर उपप्रमुख — उप संयोजक

३) प्रमूख प्रशासकीय अधिकृत — सदस्य

४) आर्थिक विकास समिति संयोजक — सदस्य

५) आन्तरिक राजश्व कार्यालयको प्रतिनिधी — सदस्य

६) उधोग वाणिज्य संघ प्रतिनिधी — सदस्य

७) राजश्व शाखा प्रमूख — सदस्य सचिव

समितिमा कुनै पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या..६२ मिति..२०७६/०५/०२
को निर्णय प्रमाणित।

Scanned by CamScanner

**निर्णय नम्बर ४:**

नगरकार्यपालिकाको २०७६ असार २१ को निर्णयानुसार यस नगरपालिका र अन्तर्गतका वडा कार्यालय , स्वास्थ्य चौकी तथा इकाइहरुमा करारमा सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको २०७६ श्रावण देखि लागु हुनेगरी न्यूनतम रु १३४५०।- तलव भत्ता उपलब्ध गराउने र २०७६ चैत्र महिनामा पौषाक सुविधा वापत बजेटको उपलब्धता हेरी न्यूनतम पाँच हजार रुपैया उपलब्ध गराउने गरी नगरकार्यपालिकाको कार्यालयले ब्यवस्थापन गर्ने ।

**निर्णय नम्बर ५:**

वीरेन्द्रनगर नगरपालिकाबाट गत आर्थिक वर्षमा सञ्चालित योजना तथा कार्यक्रमहरुको मिति २०७६ श्रावण २६ र २७ गते गरिएको वार्षिक समीक्षा गोष्ठी तथा श्रावण ३० गते गरिएको सार्वजनिक सुनुवाईको विषय कार्यपालिकामा प्रस्तुत भयो । सो प्रतिवेदनहरुमा प्राप्त सुझावहरु समेटी कार्यालयले प्रतिवेदन प्रकाशन गर्ने ।

**निर्णय नम्बर ६:**

वीरेन्द्रनगर नगरपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७६ /७७-२०८०/८१) को मस्यौदा टेबुल गरियो । उक्त मस्यौदाका एक एक प्रति कार्यपालिका अन्तर्गतका समितिका सचिवहरुलाई उपलब्ध गराईएकोमा समितिको बैठकमा छलफल गरेर तथा कार्यपालिकाका अन्य सदस्यहरुले सो को अध्ययन गरी आगामी बैठकमा सुझाव सहित स्वीकृतिको लागि पेश गर्ने ।

**निर्णय नम्बर ७:**

नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानका जग्गाहरुको नक्सापास तथा कित्ताकाट सम्बन्धमा कार्यपालिका बैठकमा छलफल भयो ।

**निर्णय नम्बर ८:**

हालै वीरेन्द्रनगरका विभिन्न क्षेत्रमा आएको बाढीले क्षति पुगेको भनी राहतको लागि हाल सम्म संकलन भएका निवेदनहरुको छानवीन गरी के कति राहत रकम उपलब्ध गराउन सकिने हो राय सहितको सिफारिस गर्न वातावरण तथा विपद व्यवस्थापन समितिलाई निर्देशन दिने ।

**वीरेन्द्रनगर कार्यपालिकाको**
**बैठक संख्या** ६३ **मिति.** २०७६।०५।०२
**को निर्णय प्रमाणित।**

Scanned by CamScanner

**निर्णय नम्बर ९:**

यस नगरपालिकाका विभिन्न ईकाईहरु बीच नियमित सञ्चार तथा विपदको समयमा सामूहिक र भरपर्दो आकस्मिक सञ्चार गर्ने आन्तरिक सञ्चार प्रणाली व्यवस्थापन सम्बन्धमा एक कार्यविधिको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई स्वीकृति दिने ।

**निर्णय नम्बर १०:**

यस नगरपालिकाको वडा नम्बर ५ बाट प्रस्ताव भएको वडा सरसफाई तथा स्वच्छता कार्यक्रम सञ्चालन कार्यविधि २०७६ स्वीकृत गरियो ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ६३ मिति २०७६/०५/०२
को निर्णय प्रमाणित।

Scanned by CamScanner